अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
२०७३

सम्पर्क नं. ९८५७६८३८१० (प्र.प्र.अ.)
ईमेल :ito.annamun@gmail.com
वेब : www.annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प. सं. : ०८०/०८१
च. नं. : १४८४

मिति: २०८१/०३/२४
ने.सं. ११४४ दिल्लाथ्व, तृतिया

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी सूचना !

सामाजिक सुरक्षा नियमावली २०७६, नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र नवीकरणको लागि स्वयं उपस्थित भई वडा कार्यालयमा निवेदन दिनुपर्नेछ" भन्ने साविकको व्यवस्थामा मिति २०७९/०६/१० मा दोस्रो संशोधन भई भदौ मसान्त सम्ममा निवेदन दिनु पर्ने प्रावधान रहेकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व. २०८१/०८२ मा निरन्तर भत्ता प्राप्त गर्नको लागि मिति २०८१ श्रावण १ गते देखी २०८१ भाद्र मसान्तभित्र तपसिल बमोजिमका कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई निवेदन दर्ता गराई आफ्नो परिचयपत्र नवीकरण गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्ग ('क' वर्ग) र आफै उपस्थित हुन नसक्ने ९० वर्ष भन्दा माथिका व्यक्तिको हकमा निजको आमाबुबा/संरक्षक/माथवर उपस्थित भई नवीकरण गराउन सकिनेछ।

<u>तपसिल:</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. १ प्रति पासपोर्ट साइजको फोटो (सामाजिक सुरक्षा प्रणालीमा फोटो नभएकाहरुको लागि)
३. सामाजिक सुरक्षा परिचयपत्र
४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
५. अपाङ्गको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि
६. विधवा महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयबाट अर्को विवाह नगरेको सिफारिस।
७. एकल महिला र सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका ६० वर्ष माथिका महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस

*नोट:*

- *आ.व. २०८१/०८२ को दोस्रो चरण (२०८१ माघ) देखी राष्ट्रिय परिचय नम्बरमा आधारित बायोमेट्रिक भेरिफिकेसन अनिवार्य हुने विभागको निर्णय अनुसार राष्ट्रिय परिचय नम्बर दर्ता गरेकाहरुले दर्ता फारम र राष्ट्रिय परिचय नम्बर भएकाहरुले नम्बर अनिवार्य उपलब्ध गराउनु हुन अनुरोध छ। राष्ट्रिय परिचय नम्बर दर्ता नभएका लाभग्राहिहरुको हकमा २०८१/१०/०१ बाट अनिवार्य हुने भएकोले सोहि अनुसार उपलब्ध गराउनु हुन।*
- *बालबालिका, पूर्ण अपाङ्ग र आफै उपस्थित हुन नसक्ने व्यक्तिको लागि आमाबुबा/संरक्षक/माथवर व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ल्याउनु पर्नेछ।*
- *तोकिएको समयमा नवीकरण नगराएमा लगत कट्टा गरिनेछ ।*

बोधार्थ:

श्री वडा कार्यालया सबै, अन्नपूर्ण गाउँपालिका, म्याग्दी (निवेदनमा भरेका सबै विवरणहरु रुजु गर्नु हुन)
श्री सूचना प्रविधि शाखा, Website मा अपलोड गरिदिनु हुन।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत